# निर्णयहरु

**निर्णय न. १:**

राष्ट्रिय योजना आयोगबाट  आगामी आ.व. २०७३।७४ को लागि बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी बजेट सिलिङ तथा मार्गदर्शन प्राप्त भई नसकेको हुदाँ गत आ.ब.मा प्राप्त मार्गदर्शन र चालु आ.व. २०७२।७३ को लागि प्राप्त अख्तियारीमा दश प्रतिशत वृद्धी गरी आगामी आ.व. को बजेट मार्गदर्शन र सिलिङ मानी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने निर्णय गरियो ।

**निर्णय न. २ :**

आ.व. २०७३।७४ को जिल्ला विकास योजना तर्जुमा गर्ने सन्दर्भमा निम्न अनुसारका नीतिगत मार्गदर्शनहरुको आधारमा योजना तथा कार्यक्रमहरु छनौट गर्ने निर्णय गरियो :

**समष्टिगत मार्गनिर्देशन:**

क) तनहुँ जिल्लाले चालु आ.व. २०७२।७३ देखि लागु हुने गरी तर्जुमा गरेको दोस्रो आवधिक जिल्ला विकास योजना र चालु तेर्हो पञ्च वर्षिय योजनाले निर्दिष्ट गरेको दीर्घकालिन लक्ष्य, उद्देश्य र नीतिलाई प्रत्यक्ष्य टेवा पुग्ने गरी वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

ख) मिति २०७२ बैशाख १२ गतेको विनासकारी भुकम्प र त्यस पछिको पराकम्पले क्षति पुर्याएका पुर्वाधारको मर्मत तथा निर्माणलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

ग) खाद्यान्य, तरकारी तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर भै निर्यात गर्न सक्ने जिल्लाको रुपमा तनहुँलाई स्थापित गर्न टेवा पुग्ने गरी योजना तथा कार्यक्रम तय गर्ने ।

घ) नबिकरणीय उर्जाको उत्पादन तथा विविधिकरणमा टेवा पुग्ने गरी गर्ने ।

ङ) श्रममा आधारित तथा रोजगारी सिर्जना गर्ने प्रकृतिका योजनालाई प्राथमिकता दिने ।

च) बिपद् जोखिम न्युनिकरण र बिपद् उत्थानशिल (Disaster Resilience) पुर्बाधार निर्माणलाई योजना तर्जुमाकै चरणदेखि आन्तरिकरण गर्ने ।

छ) योजना तथा कार्यक्रम छनौट गर्दा इलाका स्तरीय योजना तर्जुमा गोष्ठीबाट सिफारिस भै आएका योजनाहरु मध्येबाट गर्नु पर्नेछ । तर एक भन्दा वढी गाविस वा ईलाकाहरु संग सम्वन्धित योजना रहेछ भने त्यस्तो योजना छनौट गर्न बाधा पुगेको मानिने छैन ।

**कृषि, सिञ्चाई, वन, वातावरण र पर्यटन**

क) जिल्लामा एक गाँउ एक उत्पादनको रणनीतिलाई प्रभावकारी ढङगले कार्यान्वयन गर्न दुग्ध उत्पादन, पशुपंक्षी, मत्स्यपालन, ब्यवसायीक तरकारी, फलफुल तथा उच्च मुल्य ( High valued ) नगदेवालीको उत्पादनमा जोड दिने ।

ख) कृषिमा ब्यवसायीकरण, बिविधिकरण, यान्त्रिकरण  र बजारीकरणमा मद्दत पुग्ने आयोजना छनौट गर्ने ।

ग) ग्रामिण पर्यटन, कृषि पर्यटन, होमस्टे, जलयात्रा, घरेलु तथा साना उद्योग, उत्पादनमुलक सहकारी जस्ता आर्थिक विकासका आधारलाई टेवा पुग्ने गरी योजना तर्जुमा गर्ने ।

घ) जैविक बिविधिताको संरक्षण, वातावरण मैत्री विकास, जलवायु अनुकुलन, धुवारिहत चुलो निर्माणको लागि योजना तर्जुमा गर्ने ।

ङ) दिगो वन विकास तथा भुसंरक्षणमा सहयोग पुग्ने गरी योजना तर्जुमा गर्ने ।

च) नगर क्षेत्र भित्रको फोहर व्यवस्थापनको लागि दिर्घकालिन नीति वनाइ वजेट विनियोजन गर्ने ।

छ) सीपमुलक तालिम तथा आयआर्जन हुने कार्यक्रम छनौट गर्ने ।

**शिक्षा, स्वास्थ्य, खानेपानी तथ सरसफाई**

क) हालैको भुकम्पद्धारा क्षति पुर्याएका सामुदायिक विद्यालयको पुननिर्माणलाइ जोड दिने ।

ख) वाल विकास केन्द्र (Early child center ) को विकासको लागि आवश्यक भौतिक पुर्वाधार र शैक्षिक सामाग्रीमा लगानी वढउने ।

ग) विद्यालय भर्नादर शतप्रतिशत पुर्याउन र विद्यालय छोड्ने दर न्युनिकरण गर्न चेतनामुलक कार्यक्रम र सुविधा थप गर्ने ।

घ) मातृ मृत्युदर, शिसु मृत्युदर, वाल मृत्युदर घटाउनको लागि अभियानमुलक कार्यक्रम तय  गर्ने ।

ङ) संस्थागत रुपमा सुत्केरी गर्न गराउनको लागि स्वास्थ्य चौकीको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम छनौट गर्ने ।

च) जिल्लालाई सन् २०१७ भित्र पुर्ण सरसफाई युक्त जिल्ला घोषणा गर्न मद्दत पुग्ने गरी लगानी वढाउने ।

छ) खेलकुद विकास, सीपमुलक तालिम र ब्यवसायीक कृषिको माध्यामबाट युवाहरुलाई स्थानीय तहमा अडयाई राख्ने ।

**पुर्वाधार विकास**

क) क्रमागत तथा अधुरा योजनाहरुलाई निरन्तरता दिनु पर्नेछ ।

ख) कम लागत, वढी जनसहभागिता, स्थानीय सीप, साधन र स्रोत र लक्षित समुदायलाई लाभ पुग्ने योजना छनौट गर्ने ।

ग) लागत सहभागितामा सञ्चालन गर्न सकिने योजना छनौट गर्ने ।

घ) पुर्वाधार तर्फका योजना छनौट गर्दा दोहोरपना नहुने गरी चेनेज र कामको आइटम फरक पर्ने गरी गर्ने पुर्वाधार निर्माण संग सम्वन्धित कार्यालय वीच समन्वायत्मक वैठक गरी कार्यक्रम प्रस्ताव गर्ने ।

ङ) गाविस केन्द्र जोड्ने सडक निर्माण तथा स्तरोन्नती गर्ने । साथै जिल्लाका प्राथमिकताका सडक १२ महिना चल्न सक्ने वनाउने गरी वजेट प्रस्ताव गर्ने ।

च) सवै जनतालाई विद्युत सुविधा पुर्याउन आवश्यक योजना तथा कार्यक्रम छनौट गर्ने ।

**लक्षित वर्ग उत्थान**

क) कानुनले तोके भन्दा न्युन नहुने गरी लक्षित समुदायको विकासको लागि वजेट विनियोजन गर्ने,

ख) वालमैत्री गाविस, नगरपालिका र जिल्ला घोषणा गर्नको लागि अभियानमुलक कार्यक्रम तय गर्ने,

ग) योजनाका सवै चरणमा लक्षित समुदायको प्रतिनिधित्व र सक्रिय भुमिकाको सुनिश्चितता गर्ने ।

घ) लक्षित वर्गको क्षमता विकासको लागि सीपमुलक तालिम सञ्चालन गर्ने ।

ङ) लैङ्कि मैत्री, छुवाछुत विरुद्ध लगायत राष्ट्रिय अभियानमा टेवा पुग्ने गरी कार्यक्रम तय गर्ने ।

**संस्थागत विकास र सुशासन**

क) कार्यालयमा कार्यरत कर्मचारीको क्षमता विकासको लागि तालिम तथा अवलोकनका कार्यक्रममा वजेट विनियोजन गर्ने

ख) सुशासन, जवाफदेहिता र परदर्शिता सुनिश्चित गर्न सार्वजनिक सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाइ र अनुगमनलाई सवै आयोजनामा अनिवार्य गर्ने । सामाजिक परीक्षण, लैङ्कि परीक्षणलाई प्रभावकारी वनाउने ।

ग) जिल्ला विकास समितिको आन्तरीक श्रोत परिचालन क्षमाता अभिवृद्धिको लागि नयाँ श्रोत पहिचान, श्रोत वृद्धि र प्रभावकारीता वढाउने ।

घ) जिविसको गतिविधिहरुलाई पारदर्शी वनाउन पत्रकार भेटघाटलाई नियमित र वेभसाईट नियमित गर्ने । साथै सवै सरकारी निकाय, गैसस आफूले गरेको क्रियाकलापको पारदर्शित कायम गर्न सञ्चार क्षेत्र संग साझेदारी कायम गर्ने ।

ङ) सरकारी तथा गैरसरकारी निकायवाट योजना तर्जुमा गर्दा जिविसद्धारा तयार गरिएको गाविसहरुको विपन्नता स्तरीकरण प्रतिवेदनलाई आधार मानी गर्ने ।

**निर्णय नं ३**

आगामी आवका लागि योजना तथा कार्यक्रम छनौट गर्दा देहायका आधारमा प्राथमिकता दिई छनौट गर्ने निर्णय गरियोः

क) जनतालाई तत्काल प्रत्यक्ष फाईदा पुग्ने तथा रोजगार प्रवर्द्धन हुने र आयमुलक योजनाहरु।

ख) कृषि उत्पादन वृद्धिमा सघाउ पुग्ने ।

ग) स्थानीय साधन, सीप र क्षमताको परिचालनवाट संचालन हुन सक्ने ।

घ) वातावरण संरक्षणमा सघाउ पुर्याउने ।

ङ) पिछडिएका वर्ग तथा उत्पिडित जाति, जनजाति, महिला, वालवालिका र अपाङगता भएकाहरुका लागि आयमुलक र सीपमुलक कार्यक्रमहरु ।

**निर्णय नं ४**

गाउँ विकास समितिहरुको आगामी आव २०७३।७४ को योजना तथा वजेट तर्जुमाको लागि निम्नानुसारको वजेट सिलिङ तथा मार्गनिर्देशन गाविसहरुमा पठाउने निर्णय गरियो :

क) राष्ट्रिय योजना आयोगबाट आगामी आ.व. २०७३।७४ को लागि बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी बजेट सिलिङ तथा मार्गदर्शन प्राप्त भई नसकेको हुदाँ गत आ.ब.मा प्राप्त मार्गदर्शन र चालु आ.व. २०७२।७३ को लागि प्राप्त अख्तियारीमा दश प्रतिशत वृद्धी, जिविसबाट राजस्व बाडफाड बापत प्राप्त हुने रकम र गाविसको आन्तरिक आय समेतको अनुमान गरी आगामी आव २०७३।७४ को वजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

ख) अनुदान रकम बाडपफाड र खर्च गर्दा स्थानीय निकाय श्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि, २०६९ मा भएको ब्यवस्था अनुसार गर्नुपर्नेछ ।

ग) प्रत्येक गाविसले कृषि क्षेत्रमा १५ प्रतिशत पुजीगत रकम विनियोजन गर्नु पर्नेछ । कृषिमा विनियोजित रकमवाट विपन्न वर्ग र समुदायका किसानहरुले प्रत्यक्ष लाभ प्राप्त हुने गरी सम्वन्धित विषयगत कार्यलयको प्राविधिकहरुको परामर्शमा गर्नुपर्नेछ ।

घ) गाविसले वजेट तथा कार्यक्रम बनाउदा विपद जोखिम न्युनिकरणको लागि समेत गर्नुपर्नेछ ।

ङ) पुजीगत खर्चबाट चालु खर्चमा रकमान्तर गर्न पाईने छैन ।

च) सन् २०१७ भित्र जिल्लालाई पुर्ण सरसफाइ युक्त जिल्ला घोषणा गर्ने लक्ष्य रहेकोले सो लक्ष्यलाई टेवा पुग्ने गरी कार्यक्रम छनौट गर्ने ।

छ) चालु आवको गाउ परिषद् आगामी पौष २५ गते भित्र सम्पन्न गरी पौष मसान्त भित्र परिषदका निर्णय जिविस समक्ष पेश गर्नु पर्नेछ । गाउ परिषदबाट योजना छनौट गर्दा वडा नागरिक मञ्चको वैठकवाट सिफारिस भै आएका योजनाबाट गर्नु पर्नेछ ।

ज) ईलाका स्तरीय योजना तर्जुमा गोष्ठीमा जिल्ला विकास योजनामा समावेश गर्ने गरी गाउ परिषदबाट पारित योजनाहरुको सुचि सहित गाविस सचिव स्वयं उपस्थित हुनु पर्नेछ ।

**निर्णय नं ५:**

आगामी वर्षको जिल्ला परिषद् लगायतको सहभागितामुलक योजना तर्जुमा गोष्ठी सञ्चालनको कार्यतालिका देहाय बमोजिमको समयमा सञ्चालन गर्ने ।

क) इलाका स्तरीय योजना तर्जुमा गोष्ठीः मिति २०७२ माघ १०, ११, १२ र १३ गते । गोष्ठी सञ्चालनको समय र स्थान पछि निर्धारण गरी सार्वजनिक गरिनेछ ।

ख) विषयगत योजना तर्जुमा वैठकः मिति २०७२ माघ २४, २५ र २७ गते ।

ग) एकिकृत योजना तर्जुमा वैठकः मिति २०७२ फागुन ५ गते ।

घ) जिल्ला परिषद् वैठकः मिति २०७२ फागुन १० गते ।